आज मिति २०७७ साल कार्तिक २७ गतेका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवर ज्यूको अध्यक्षतामा आ. व. २०७७/०७८ को चौथो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरूमाथि छलफल गरि निर्णय गरियो।

उपस्थिती!

१) श्री कुल बहादुर कुँवर - नगर प्रमुख - अध्यक्ष
२) श्री निर्मला देवी लुड्थापा - नगर उपप्रमुख - सदस्य
३) श्री अमर बहादुर शाह - वडा अध्यक्ष वडा नं.-१ - "
४) श्री कालु सिंह कुँवर - " " " - २ - "
५) श्री कृष्ण बहादुर बुढा - " " " - ३ - "
६) श्री बालगिरी कुँवर - " " " - ४ - "
७) श्री कुर्जिर साउँद - " " " - ५ - "
८) श्री प्रेमराज शर्मा - " " " - ६ - "
९) श्री प्रिथु सिंह आउ - " " " - ७ - "
१०) श्री टेक बहादुर कुँवर - " " " - ८ - "
११) श्री ध्रुव बहादुर थापा - " " " - ९ - "
१२) श्री लाल बहादुर खड्का - " " " - १०, - "
१३) श्री गणेश बहादुर खड्का - " " " - ११, - "
१४) श्री प्रकाश बहादुर राना - " " " - १२, "
१५) श्री सागर सिंह सोनार (बाउली) - " " " - १३ - "
१६) श्री कर्ण बहादुर साउँद - " " " - १४ - "
१७) श्री जित बहादुर विश्वकर्मा (लुहार) कार्यपालिका सदस्य
१८) श्री दुरी देवी कुँवर " "
१९) श्री सुरत बहादुर जुल " "
२०) श्री सावि मिजार " "
२१) श्री जयन्ती देवी बोगटी " "
२२) श्री शंकर जुल " "
२३) श्री सावित्री देवी कुँवर " "
२४) श्री शान्ति देवी जोशी " "
२५) श्री लक्ष्मी प्रसाद शर्मा नि.प्र.प्र.अ. - सचिव

आमन्त्रित!

२६) श्री नन्द बहादुर ठकुल्ला - का. वा. वडा अध्यक्ष वडा नं.-१
२७) श्री एकेन्द्र जुल - का. वा. वडा अध्यक्ष वडा नं. - ७
२८) श्री राजेन्द्र कोली - का. वा. वडा अध्यक्ष वडा नं. - ४
२९) श्री नृप विश्वकर्मा - सा. न. पा. कार्यालय सहायक चौथो

Scanned with CamScanner

प्रस्तावहरू:

१) रिपोर्टिङ,
२) प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिईएको सम्बन्धमा।
३) न्यायिक समिति अन्तर्गतका मेलमिलाप केन्द्र सञ्चालन निर्देशिका २०७७ सम्बन्धमा,
४) उद्यम विकास समिति गठन गर्ने सम्बन्धमा।
५) बहुक्षेत्रीय पोषण योजना अन्तर्गत वार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा,
६) सूचना अधिकारी तोक्ने सम्बन्धमा।
७) कृषि कोल्ड च्याम्बर निर्माण सम्बन्धमा।
८) विद्यालय लेखापाल प्रोत्साहन अनुदान सम्बन्धमा,
९) उद्यम विकास सहजकर्ता छनौट सम्बन्धमा,
१०) कर्मचारी प्रोत्साहन तथा जोखिम भत्ता उपलब्ध गराउने सम्बन्धमा।
११) विविध:
(क) तिहार देउसी भैलो कार्यक्रम सम्बन्धमा।
(ख) होम क्वारेन्टाइन खाद्यान्न वितरण सम्बन्धमा,
(ग) शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।

निर्णयहरू:

निर्णय नं.-१:

प्रस्ताव नं.-१ माथि छलफल गर्दा यस सौफेबगर नगरपालिकाको तेस्रो कार्यपालिका बैठकयता करिब १ महिनाको समयावधिका बीच यस नगरपालिका अन्तर्गतका १४ वटै वडामा सञ्चालित क्रियाकलाप तथा गतिविधिका साथै वडा तहबाट सेवा प्रवाह गर्दा देखापरेका समस्या तथा जटिलताको बारेमा सम्बन्धित वडा अध्यक्षज्यूहरूबाट रिपोर्टिङ कार्य भई नगरपालिका तहबाट सो अवधिका बीच सञ्चालित कार्यक्रमका साथै समसामयिक विषयका बारेमा नगर प्रमुखज्यूबाट रिपोर्ट प्रस्तुत भई कार्यसञ्चालनार्थ देखिएका समस्या तथा जटिलताका विषयमा उचित सम्बोधन पश्चात रिपोर्टिङ कार्य सम्पन्न गरियो।

निर्णय नं.-२:

प्रस्ताव नं.-२ माथि छलफल गर्दा यस सौफेबगर नगरपालिकाको आ.व. २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम सञ्चालनार्थ २०७७ साल असार १० गते सम्पन्न यस नगरपालिकाको पाँचौं नगरसभामार्फत अख्तियारी दिईएको सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-३:

प्रस्ताव नं.-३ माथि छलफल गर्दा यस सौफेबगर नगरपालिका न्यायिक समिति अन्तर्गत मेलमिलाप केन्द्र सञ्चालन निर्देशिका-२०७७ छलफलका लागि बैठकमा प्रस्तुत हुँदा उक्त निर्देशिका उपर दफावार छलफल भई केही दफा-

क्रमश:

तथा उपदफाहरूमा आवश्यक संशोधन गरी पारित गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ४।

प्रस्ताव नं.-४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा आ. व. २०७७/०७८ मा सञ्चालन हुन गईरहेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रभावकारीरूपमा सञ्चालन तथा कार्यान्वयन गर्न तपसिल बमोजिम उद्यम विकास समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल।

- नगर प्रमुख श्री कुल बहादुर कुँवर - संयोजक
- आर्थिक विकास समिति संयोजक श्री बालगिरी कुँवर - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत- श्री लक्ष्मी प्रसाद शर्मा - सदस्य
- आर्थिक विकास शाखा प्रमुख - श्री हिरे सार्की - सदस्य

निर्णय नं.-५।

प्रस्ताव नं.-५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण योजना अन्तर्गत गठित पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले बाट आ. व. २०७७/७८ का लागि प्रस्तावित भई उक्त समितिबाट पारित भईआएको तपसिल बमोजिमको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल।

| विषयगत क्षेत्र। | बजेट। | बजेट स्रोत। | बजेट रकम |
|---|---|---|---|
| १- सुशासन क्षेत्र | - १० लाख ५७ हजार ५ सय | नेपाल सरकार | - १६ लाख ६९ हजार |
| २- खानेपानी सरसफाई | - ३ लाख १८ हजार | नगरपालिका स्रोत | - २० लाख |
| ३- शिक्षा | - २ लाख ३६ हजार ३ सय | जम्मा। | ३६ लाख ६९ हजार |
| ४- कृषि | - ४ लाख ९३ हजार ८ सय | | |
| ५- पशु | - ८ लाख ४३ हजार २ सय २० | | |
| ६- महिला बालबालिका | - १ लाख ९१ हजार ६ सय ८० | | |
| ७- स्वास्थ्य | - ५ लाख ३८ हजार ४० | | |
| जम्मा → | ३६ लाख ७१ हजार ५ सय ४० | | |

निर्णय नं.-६।

प्रस्ताव नं.-६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सूचना प्रविधि शाखामा कार्यरत सूचना प्रविधि अधिकृत श्री कविता कुँवरलाई साँफेबगर नगरपालिकाको सूचना अधिकारी तोकन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

Scanned with CamScanner

निर्णय नं०-७!

प्रस्ताव नं० ७ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास मन्त्रालयको आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत रहेको कोल्ड च्याम्बर निर्माणका लागि यस शाँफेबगर नगरपालिकाको वडा नं० -०३, भागेश्वर स्थित गोडेग्राम जग्गामा कोल्ड च्याम्बर निर्माण गर्ने र सोको जानकारी कृषि विकास निर्देशनालय दिपायल, डोटीमा गराउने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं०८!

प्रस्ताव नं० ८ माथि छलफल गर्दा यस शाँफेबगर नगरपालिकामा सञ्चालित १४वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा विगत लामो समयदेखि न्यून पारिश्रमिकमा कार्यरत विद्यालय लेखापालहरूलाई प्रोत्साहन स्वरुप भनी एकमुष्ठ रकम रु. १०हजार अनुदान उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं०९!

प्रस्ताव नं०-९ माथि छलफल गर्दा यस शाँफेबगर नगरपालिकामा आ.व. २०७७/७८ मा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको कार्यान्वयनका लागि ~~लघु~~ उद्यम विकास सहजकर्ताको करारमा पदपूर्ति प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं०-१०!

प्रस्ताव नं०-१० माथि छलफल गर्दा विश्व महामारीको रुपमा रहेको कोरोना भाइरस (कोभिड-१९) का कारण २०७६ साल चैत्र ११ गते देखि समग्र देश नै लकडाउन (बन्दाबन्दी) को अवधिभर यस नगरपालिकामा कोभिड-१९ महामारीको रोकथाम, तथा नियन्त्रणका क्षेत्रमा अग्रपंक्तिमा रहेर खटिने कर्मचारीहरूलाई प्रोत्साहनत था जोखिम भत्ता स्वरुप बयालपाटा अस्पतालमा कार्यरत कर्मचारीहरूलाई एकमुष्ठ रकम रु. ५हजार, नगरपालिकामा कार्यरत रहने (स्वास्थ्य सेवाका बाहेक) कर्मचारीहरूलाई एकमुष्ठ रकम रु. ५ हजार, सवारी चालक ४जना, कार्यालय सहयोगी ५जना लाई स्वास्थ्य तर्फका कर्मचारीहरूले पाए सरह तथा जोखिमको समयमा विशेषरूपमा अग्रभागमा रही खटिने नगरपालिकाका केही कर्मचारीहरूलाई खटन पटनको मूल्यांकन बमोजिम रु. ४हजार देखि १०हजार रकम उपलब्ध गराउन ~~सुने~~ प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं०-११!

प्रस्ताव नं०-११ ~~माथि~~ विविध (क) माथि छलफल गर्दा कोभिड-१९ को सम्भावित संक्रमणको अवस्थालाई दृष्टिगत गरी यस वर्ष तिहार (दिपावली) को समयमा देउसी भैलो नखेल्नुका साथै कुनैपनि किसिमका खेलकुद प्रतियोगिता आयोजना गरी भिडभाड बढाउने गतिविधि सञ्चालन नगर्ने १४वटै वडा कार्यालय- हरूलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

Scanned with CamScanner

निर्णय नं.-१४!

प्रस्ताव नं.-१० विविध (ख) माथि छलफल गर्दा यस शाँफेबगर नगरपालिकामा जिल्ला बाहिर तथा अन्य मुलुकहरूबाट भित्रिने नागरिकहरूलाई कोभिड-१९ को सम्भावित संक्रमण हुन सक्ने अवस्थालाई दृष्टिगत गरी कम्तीमा १४ दिन होम क्वारेन्टाइनमा राख्दा उनीहरूको गरिबी तथा विपन्नताको अवस्था अनुसार खाद्यान्न सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-१५!

प्रस्ताव नं.-११ विविध (ग) माथि छलफल गर्दा यस शाँफेबगर नगरपालिका अन्तर्गत बहालवाला जनप्रतिनिधी, जिल्ला तह, प्रदेश र सङ्घीय तहका जनप्रतिनिधी, पूर्व-जनप्रतिनिधी तथा शाँफेबगर नगरपालिकामा कार्यरत कर्मचारीहरूको परिवारका सदस्यको देहावसान हुँदा नगरपालिकाको तर्फबाट शोक तथा समवेदना प्रकट गर्ने र शाँफेबगर नगरपालिका वडा नं.-४ का वडा सदस्य, जिल्ला विकास समिति अछामका पूर्व सदस्य एवं सुदूरपश्चिम प्रदेश सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष शाँफेबगर नगरपालिका वडा नं.-४, भण्डारीगाउँ निवासी श्री देव बहादुर कुँवरकी ममतामयी आमा रम्भा कुँवरको ८७ वर्षको मिति २०७७ साल कार्तिक ५ गते भएको असामयिक निधनप्रति दुःख प्रकट गर्दै शोक प्रस्ताव पारित गरियो।

Scanned with CamScanner